"खानेपानी,सडक,विद्युत,कृषि,पर्यटन,संचार,खेलकुद,स्वास्थ्य,शान्तिसुरक्षा, र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

आ.व.:-२०७९/०८० (प्रशासन शाखा)
च.नं.:-

मिति:-२०७९।०४।०३

### रोजगार सहायक करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मिति- २०७९।०४।०३)

प्रस्तुत विषयमा ७५३ वटै गाउँपालिका/नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिष्पर्धा मार्फत करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस पौवादुङमा गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | ०२/२०७९-८० | रोजगार सहायक | स्थानीय तहको सहायक पाँचौ तह सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
   (ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
   (ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।
२. दरखास्त दिने स्थानः- पौवादुङमा गाउँपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर ।
३. अनलाईनको माध्यमबाट पनि दरखास्त दिन सकिनेछ ।
४. दरखास्त दिने अन्तिम मितिः- २०७९/०४/१७ गते भित्र (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन)
५. आवेदन दस्तुरः- रु ५००।– (पाँच सय मात्र) यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको ग १.१ पौवादुङमा गा.पा. आन्तरिक राजश्व खाता नं. ०६६०१४००२५०१०८ मा जम्मा गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ ।
६. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता परीक्षा ।
७. आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरुः- आवेदक स्वयमंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः-
   (क) नागरिकता
   (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   (ग) चारित्रिक प्रमाण पत्र
   (घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
   (ङ) तालिमको प्रमाण पत्र
   (च) २ प्रति पासपोर्ट साइज फोटो (दुबै कान देखिने हालसालै खिचेको फोटो)
८. सेवा सुविधा तथा अन्यः- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।
९. आवेदन फारम पौवादुङमा गाउँपालिकाको वेवसाइट www.pauwadungmamun.gov.np वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ती सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
१०. यो विज्ञापन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/०३/२५ गतेको विज्ञापन नं. १/२०७९/०८० को प्रकाशित सुचना अनुसार प्रकाशन गरिएको छ ।

२०७९/०४/०३

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

www.pauwadungmamun.gov.np, Email:-info@pauwadungmamun.gov.np, Phone No. 9852075800